# रामपुर उद्योग वाणिज्य संघ

## रामपुर नगरपालिका पाल्पा

प्रतिवेदन

# चार वर्षे रणनीतिक कार्ययोजना गोष्ठी

२०७९ जेष्ठ २८ गते

प्रस्तुतकर्ताः

राम प्रसाद तिवारी, कार्यशाला गोष्ठी सहजकर्ता

पोखरा ३२, कास्की

# रामपुर उद्योग वाणिज्य संघ

## चार वर्षिय रणनैतिक कार्य योजना

### १.भुमिकाः

पाल्पा जिल्लाको पुर्व क्षेत्रका उद्योग व्यापार व्यवसायको तथा उद्योगी व्यपारीहरुको व्यवसायिक क्षमता विकास, उनीहरुको हकहितको वकालत तथा संरक्षण, स्थानिय आर्थिक सामाजिक विकास गर्दै राष्ट्र विकासमा योगदान गर्ने उदेश्यका साथ वि.सं. २०७२ स्थापना भएको रामपुर उद्योग वाणिज्य संघ छोटो अवधिमानै यस क्षेत्रको निजी क्षेत्रको नेतृत्वदायी सस्थाको रुपमा स्थापित भएको छ । संघले सदस्यलाइ दिने सेवा र समाजको विकासका विभिन्न आयाममा योगदान गर्न संघले आफ्नो टिमका सदस्यको शशक्तिकरण, निदृष्ट भिजन, व्यवहारिक योजना तथा सामुहिक प्रयासमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । उद्योग वाणिज्य संघको आर्थिक सामाजिक रुपान्तरणको यो यात्रामा यसले पनि विगत छ वर्षदेखि प्रतिस्पर्धात्मक रुपमा काम गर्दै आइरहेको छ । रामपुर उद्योग वाणिज्य संघको सस्थागत क्षमता विकासमा यस अघि भएका गतिविधीहरुको क्रमसंगै संघको संस्थागत विकासको पहलकदमलाइ थप गतिशिलता दिनको लागी संघले चार वर्षिय रणनैतिक योजना तर्जुमा गोष्ठीको आयोजना गरेको हो ।

### २.संस्थागत परिचय

क) कार्यालय

ख) उपकरण

ग) नीतिगत व्यवस्था

घ) संस्थागत मानवस्रोत

ङ) अभिलेख तथा प्रकाशन

च) श्रोत परिचालन

### ३.गोष्ठीको उद्देश्यः

रणनैतिक योजना तर्जुमा गोष्ठीको उद्देश्य यस रामपुर उद्योग बाणिज्य संघको सबल र कमजोर पक्षहरुको पहिचान गरी संघलाई सबल सक्षम र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने

संस्थाको रुपमा अगाढी बढाउन आवश्य कार्य योजना तय गर्ने रहेको थियो । साथै संघको परिकल्पना र ध्येयमा समयानुसार परिमार्जन गर्ने उद्देश्य रहेको थियो ।

१.संघले विगतमा हासिल गरेका उपलब्धीहरुको समिक्षा गर्ने ।
२.संघको (SWOT) पहिचान तथा विश्लेषण गर्ने ।
३. संघको भिजन तथा मिसनको समयअनुसार परिमार्जन गर्ने ।
३.संघको आगामी चार बर्षको रणनैतिक कार्य योजना तयार पार्ने ।

**गोष्ठी संचालन विधिः**

गोष्ठी प्रतिवेदन प्रस्तुतीकरण, सामुहिक छलफल, अन्तरक्रियात्मक समुह कार्य तथा प्रस्तुतीकरण तथा समस्या समाधान केन्द्रित विधिहरुको माध्यमद्धारा गोष्ठी संचालन भएको थियो ।

**गोष्ठीका सहभागीहरुः**

गोष्ठीमा रामपुर उद्योग वाणिज्य संघका वर्तमान कार्य समितिका पदाधिकारीज्युहरु, उपसमितिका संयोजक तथा सदस्यज्युहरु, आमन्त्रित सदस्यज्युहरु गरी जम्मा ३० जनाको उपस्थिती रहेको थियो ।

**गोष्ठी संचालन स्थान र मिति :**

गोष्ठी पोखरा लेकसाइडमा अवस्थित होटल टुलिप इन (Tulip Inn) प्रा.लि.मा मिति २०७९ जेठ २८ गते संचालन भएको थियो ।

**गोष्ठीको सहजकर्ताः**

कार्यशाला गोष्ठी उद्यमशीलता तथा व्यवसाय विकास सल्लाहकार श्री राम प्रसाद तिवारीले सहजीकरण गर्नु भएको थियो ।

**कार्यशाला गोष्ठिका प्रमुख क्रियाकलापहरुः**

**क) उद्घाटन तथा परिचय तथा समापनः**

रणनैतिक कार्यशाला गोष्ठिको उद्घाटन शत्र संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालज्युको अध्यक्षतामा भएको थियो । गोष्ठीमा सबैलाई स्वागत गर्नुहुदै संस्थाका वरिष्ठ उपाध्यक्ष श्री रुद्रनारायण श्रेष्ठले गोष्ठीको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो । त्यस्तै सहजकर्ता राम प्रसाद तिवारीले गोष्ठीमा गरीने क्रियाकलाप र गोष्ठीको उद्देश्यको बारेमा प्रकाश पार्नु भएको थियो । गोष्ठीको उदघाटन मन्तव्यमा अध्यक्ष श्री भोजेन्द्र प्रकाश ढकालले संघको स्थापनाकाल देखी हालसम्म गरेका कार्यहरु र उपलब्धीहरु संक्षिप्तमा प्रकाश पार्दै आगामी दिनमा संघ कसरी अगाढी बढ्ने भन्नेबारेमा गोष्ठी फलदायी हुने बताउनु भयो ।

कार्यक्रमको शुरुवात पछी एक आपसमा परीचय गरीएको थियो । साथै गोष्ठीको नियम तय गरिएको थियो । कार्यशाला गोष्ठीको अन्तमा सहजकर्ता श्री राम प्रसाद तिवारीलाइ अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष, सचिवज्युहरुले मायाको चिनो हस्तान्तरण तथा सम्मान गर्नुभएको थियो । गोष्ठीको अन्तमा संघका उपाध्यक्ष श्री विष्णु वहादुर सारुले सम्वन्धित सवैलाइ धन्यवाद दिदै गोष्ठी समाप्त भएको जानकारी दिनुभयो ।

**ख) संघको (SWOT) पहिचानः**

कुनैपनी संगठनमा आन्तरीक तथा बाह्य तत्वहरुको प्रभावले पार्न सक्ने असरको विश्लेषण गरी खुवी, कमजोरी, अवसर र भय वा चुनौतीको पहिचान गर्ने कार्यलाई खु.क.अ.भ विश्लेषण भनिन्छ । रणनीतिक कार्यशाला गोष्ठिमा सहभागीज्युहरुलाई चार समुहमा विभाजन गरी यस संघको खुबी कमजोरी  अवसर र भय पहिचान तथा विश्लेषण गरीएको छ । संघको भौतीक अवस्था, आर्थिक अवस्था, कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, सदस्य उद्यमीलाई परेको समस्या समाधानको लागी पुऱ्याइरहेको सेवा, संस्थाका पदाधिकारी नेतृत्वको क्षमता, संस्थामा आवद्ध सदस्यको उत्प्रेरणा, व्यवसायीक सुरक्षाको लागी गरीरहेको पहल, सरकारी नीति, देश विदेशको वदलिदो अवस्था आदिलाई आधार मानेर तपसिल वमोजिम सबल पक्ष (सक्षमता) कमजोरी  अवसर र चुनौती पहिचान गरिएको छ ।

**<u>संघका खुबीहरु</u>**

- समयमा नै साधारण सभा तथा अधिवेशन गरी नेतृत्व चयन गर्न सफल
- व्यवसायि हित (भलाइ कोष) कोषको स्थापना
- संघको भवन निर्माणको लागि स्थानीय तहबाट जग्गा प्राप्त गर्न सफल
- छोटो समयमा संघलाई स्थापित गर्दै परिचय दिन सफल
- प्रत्येक २ वर्षमा रामपुर महोत्सव गरी संघलाइ आर्थिक रुपले सवल वनाउन सफल

- घरेलु तथा साना उद्योग कार्यालय तथा करदाता सेवा कार्यालयसंग समन्वय गरी व्यवसायीहरुलाइ सेवा दिन सफल
- कर्मचारी तथा सचिवालयको व्यवस्था गर्न सफल
- नियमित वैठक तथा आर्थिक पारदर्शिता
- सस्था नविकरण समयमै गर्ने गरेको
- व्यवसाय नविकरणको लागि सिफारिस, कर चुक्ता, इप्यान सचिवालयबाट दिने गरिएको
- वजार अनुगमनमा सहजीकरण गर्ने गरिएको
- कर कार्यालयसंगको समन्वयमा कर सेवा तथा स्थायी लेखामा दर्ता गर्ने काम भएको
- संघको निर्णयहरु राम्रोसंग कार्यान्वयन भएको
- स्थानीय सरकार, सरकारी, गैह्रसरकारी संघसस्था तथा सरोकारवाला निकायसंग समन्वय, सम्वन्ध तथा सक्रिय सहभागिता
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा प्रतिनिधित्व गर्न सफल
- स्मार्ट रामपुर उद्योग वाणिज्य संघ निर्माणको पुर्वाधार तयार

**<u>कमजोरीहरु</u>**

- कार्ययोजनामा सवै सदस्यहरुलाइ उपस्थित गराउन नसक्नु
- सवै व्यवसायीलाइ समेटी सदस्य संख्या वृध्दि गर्न नसक्नु
- व्यापारी उद्योगी र संघ विच अर्न्तक्रियाको अभाव
- प्रविधिमैत्री वातावरण वन्न नसक्नु
- व्यवसायीहरु एक आपसमा अस्वस्थ प्रतिस्पर्धा
- संघको आफ्नै भवन वनाउन नसक्नु
- उद्योग वाणिज्य महासंघमा आवध्द हुन नसक्नु
- सवै व्यवसायीलाइ करको दायरामा समेट्न नसक्नु
- सदस्यहरुलाइ संघको काम कर्तव्य अधिकार वुझाउन नसक्नु
- आर्थिक अवस्था खस्कदै जानु

- व्यवसायीहरुमा संघप्रति अपनत्वको भावना विकास नहुनु
- दिगोरुपमा संघ सञ्चालन गर्नको लागि नियमित आम्दानीको श्रोत व्यवस्थापन गर्न नसक्नु
- उद्योगी व्यवसायीहरुलाइ नियमित रुपमा सामाजिक कार्यमा अग्रसर गराउन नसक्नु
- विभिन्न वस्तुगत संघ तथा व्यवसायीहरुसंग नियमित छलफल गरी उनीहरुको समस्या समाधानमा पहल नहुनु

अवसरहरु

- ठुला उद्यमी व्यवसायीहरुसंग समन्वय गरी वाह्य लगानी आकर्षित हुने र रोजगारीका अवसर सृजना हुने
- औद्योगिक क्षेत्र निर्माण हुने
- कृषि उत्पादनको व्यवसायिकरण र वजारीकरण हुने
- कालीगण्डकी करिडोर निर्माण सम्पन्न पछि तराइमा रहेका ठूला शहर र व्यापारिक तथा व्यवसायिक प्रतिष्ठानसँग समन्वय गरी होल्डिङ्ग सेन्टर बनाउन सकिने
- धार्मिक, सांस्कृतिक, प्राकृतिक श्रोत साधनको उपयोग गरी आन्तरिक तथा वाह्य पर्यटन विकास जस्ता आर्थिक क्रियाकलाप वृध्दि हुने
- मनोरञ्जन पार्क निर्माण गरी आर्थिक चहलपहल बृध्दि हुने
- उद्यम व्यवसायलाइ विभिन्न छुट तथा सुविधाहरु प्राप्त हुने
- राम कर्मभुमीको प्रवर्धनबाट धार्मिक तथा साँस्कृतिक पर्यटक आकर्षण गर्न सकिने
- वढ्दो शहरीकरणले औद्योगिक गतिविधि बढ्न सक्ने
- व्यवसायीहरुलाइ आवश्यक हुने घरजग्गा सुपथ मुल्यमा प्राप्त हुने
- इटा क्रसर उद्योगको लागि कच्चा पदार्थ पाइने
- उद्यम व्यवसाय लक्षित कार्यक्रम सञ्चालन हुने
- कृषि, पर्यटन, उद्योग र व्यवसायीको प्रवर्धन र विकास हुने
- स्थानीय र प्रादेशिक निकायसंग सम्वन्ध विस्तार भै उद्यमशीलता विकास, व्यवसाय विकास, मेला महोत्सव जस्ता कार्यक्रमहरु सञ्चालन हुने
- थप सदस्य आकर्षित हुने
- संघमा सदस्यता लिने वस्तुगत संघहरुको अभिबृद्धि हुन सक्ने

- जिल्लाका हरेक गतिविधि तथा प्रमुख समितिहरुमा उ.बा.संघको नेतृत्वदायी भुमिका रहन सक्ने
- संघका सदस्यहरुलाइ आवश्यक सेवा प्रभावकारी रुपमा प्रदान गर्न सक्ने

**भय तथा चुनौती**

- व्यवसायीहरु विच अस्वस्थ्य प्रतिस्पर्धा वढ्ने
- वाटोको समस्या, विद्युत आपुर्तिमा समस्या
- अव्यवस्थित पार्किङ्गको कारणले व्यवसायहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने
- सदस्य संख्या घट्न सक्ने
- प्राकृतिक विपत्तिले व्यवसायमा नकारात्मक असर गर्ने
- विभिन्न कानुनी तथा नीतिगत अडचन आउन सक्ने
- सरकारले विभिन्न समयमा निर्माण गर्ने नीतिमा गर्ने फेरबदल र करको दरमा स्थिरता आउन नसक्नु
- राजनैतिक हस्तक्षेपको कारणले गर्दा संघको विकासमा अवरोध सृजना हुनसक्ने
- वातावरणीय प्रदुषण वढ्न सक्ने
- स्थानीय निकायको सहयोग नहुने
- संक्रामक रोगव्याधीका कारण व्यापार व्यवसायमा अवरोध आउन सक्ने

खुकअभ तयारी र प्रस्तुती पछि संघले यसअघि निर्धारण गरेको परिकल्पना (Vision) र उद्देश्यको समीक्षा गरीएको थियो । संघको परिकल्पना र अभियान/ध्येय (Vision, Mission) वदलिदो अवस्था र समय अनुसार निम्न अनुसार परिमार्जन गरीएको थियो ।

**रामपुर उद्योग वाणिज्य संघको परिकल्पना:**

**उद्योग, व्यापार व्यवसायको प्रवर्द्धन साथै दिगो सामाजिक आर्थिक विकासको माध्यमद्वारा समृद्ध देश निर्माण अभियानमा योगदान पुऱ्याउने**

“Contribute in prosperous nation building mission by promoting industry trade and business along with sustainable socio-economic development.”

**रामपुर उद्योग वाणिज्य संघको ध्येयः**

कृषि तथा पर्यटन उद्योगको प्रवर्धन मार्फत रोजगार सृजनाको लागी शसक्त र सक्षम सघंको रुपमा विकास गर्ने

उद्यमी व्यापारी व्यवसायीको प्रतिनिधिमुलक शशक्त सक्षम र व्यवसायिक सेवा प्रदायक नेतृत्वदायी संघको रुपमा विकास गर्ने

**लक्ष्यः**

- यस क्षेत्रको समग्र आर्थिक विकासको लागी उद्योग मैत्री वातावरण सृजना गर्न लागी पर्ने ।
- पाल्पा जिल्ला लगायत कालिगण्डकी क्षेत्रमा रहेका उद्योग तथा व्यापार व्यवसायलाई व्यवस्थित गर्नको लागी औद्योगिक ग्रामको स्थापना गरी व्यवस्थापन गर्ने ।
- लघु साना तथा मझौला उद्योगहरुको प्रर्वद्धनको लागी पहल गर्ने ।
- उद्यमशिलताको विकास मार्फत नयाँ उद्योग व्यवसाय सृजनामा सहजीकरण गर्ने ।
- उद्योग व्यवसायले भोग्नु परेका समस्याहरु समाधानको लागी आवश्यक पैरवी गर्ने ।
- उद्योगी व्यवसायीहरुको व्यवस्थापिकय सिप विकासका लागी विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानिय तथा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने ।
- धार्मिक तथा पर्यटकिय क्षेत्रको व्यापक प्रचार प्रसार गरी आन्तरीक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्ने ।
- आन्तरीक पर्यटन प्रवर्द्धन तथा उद्योग व्यापार प्रर्वद्धनको लागी मेला महोत्सब एवं सडक खाना महोत्सव आयोजना गर्ने ।
- स्थानीय तहसँग समन्वय गरी सरसफाइयुक्त नगरी बनाउने ।

**उद्देश्यः**

यस पाल्पा जिल्लाका उद्योगी, व्यापारी तथा व्यवसायीहरुको हकहितको संरक्षण र संवर्द्धन का साथै जिल्लाको दिगो सामाजिक आर्थिक विकास गर्दै राष्ट्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन यस संघले देहायका उद्देश्यहरु लिएको छ ।

- उद्योग बाणिज्य क्षेत्रको हक हित र सुविधाहरुको संरक्षण र संवर्द्धन गर्ने ।
- देशको आन्तरीक तथा अन्तराष्ट्रिय उद्योग व्यापार प्रवर्द्धन र विकास गर्ने ।
- उद्योग तथा बाणिज्य सम्वन्धि सुचनाहरु संकलन गरी आफ्ना सदस्यहरुलाई वितरण गर्ने ।
- स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने ।
- यस जिल्लाको उद्योग बाणिज्यको विकास र विस्तारका लागी नगर जिल्ला क्षेत्रिय राष्ट्रिय तथा सरकारको स्वीकृती लिई अन्तराष्ट्रिय संघहरुसंग सम्बन्ध र समन्वय गर्ने ।
- आफ्ना सदस्यहरु विच परस्पर सहयोग र सद्भावनाको विकास गर्ने ।
- समान उद्देश्य भएका अन्य संघ संस्थाहरु संघ समन्वय विस्तार गरी आपसी सहयोग विस्तार एवं अनुभवहरु आदान प्रदान गर्ने ।
- अर्थ उद्योग बाणिज्य तथा अन्य निति नियम तथा कार्यक्रमहरुको विवेचना तथा प्रतिकृया दिने ।
- उद्योग व्यवसायको प्रवर्द्धन र विकासका लागी मेला महोत्सव आयोजना गर्ने तथा भाग लिने ।
- उद्योग व्यवसायको विकासका लागी अन्य कार्यहरु गर्ने ।
- खाद्य, पेय, दुग्ध, मासुजन्य, फलफूल तथा अत्यावश्यक उपभोग्य वस्तुको गुणस्तर कायम गर्न स्थानीय तहलाई सहयोग पुऱ्याउने

## रणनीतिक कार्य दिशा

रामपुर उद्योग वाणिज्य संघले तपशिलका विषयहरुलाई आगामी तीनवर्षको मुख्य कार्य दिशा बनाउने छ ।

| क्र.सं. | रणनीतिक कार्यदिशा | कार्यन्वयन प्रक्रिया |
|---|---|---|
| १. | संघको संस्थागत सबलीकरण | १. संघका लागि सदस्यता प्रदान गर्ने र अद्यावधिक सदस्यको नविकरण गर्ने ।<br>२. संघको वार्षिक लेखापरीषण सामाजिक परीक्षण समयमानै गर्ने<br>३. कार्य समितिको नियमित मासिक बैठक र निर्णय<br>४. नियमति साधारण सभा स्थापना दिवस र अधिवेशन<br>५. नियमित समिक्षा गर्ने<br>६. तीनवर्षे रणनीतिक योजनाको आधारमा वार्षिक कार्ययोजना तर्जुमा र कार्यन्वयन<br>७. सदस्यता अभिमूखीकरण<br>८. संस्थागत नीति, कार्यविधि तयार गर्ने |
| २. | उद्योग, उद्यम, व्यापार, व्यवसाय प्रवर्द्धन र विकास | १. स्थानिय भूगोलको आधारमा सञ्चालन गर्न सकिने उद्यम उद्योग, उत्पादनमूलक व्यवसायको पहिचान गर्ने<br>२. युवाहरुका लागि उद्यमशीलता विकास तालिम सञ्चालन<br>३. व्यापारीक तथा व्यवसायिक क्षेत्र विस्तार<br>४. उद्योग, व्यापार, व्यवासायका माध्यमबाट रोजगार स्वरोजगारको अवस्था सिर्जना गर्न व्यवसायिक तालिम सञ्चालन |

| | | |
|---|---|---|
| | | ५. स्वदेश र विदेशमा सञ्चालित उद्योग, व्यवासायको अवलोकनका लागि अध्ययन अवलोकन भ्रमण |
| ३. | पर्यटन प्रवर्द्धन र विकास | १. संघको कार्यक्षेत्र र कालीगण्डकी उपत्यका आसपासमा रहेको पर्यटकीय क्षेत्रको पहिचान,स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने<br>२. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि व्यवसायिक कार्यक्रम गर्ने<br>३. पर्यटकीय क्षेत्रको पहिचान विस्तार हुने डकुमेन्टहरु तयार गरी प्रचार-प्रसारमा सहयोग पुऱ्याउने |
| ४. | कृषि तथा कृषिमा आधारित उत्पादन व्यवसाय प्रवर्द्धन | १. स्थानीय भौगोलिक र हावापानीका आधारमा उत्पादन हुन सक्ने खाद्यवाली, फलफुल, नगदेवाली , तरकारीबाली, मसलाजन्य बालीको उत्पादन बजारीकरणको आंकलन गर्ने<br>२. स्थानीय उत्पादित वस्तुको बिक्री तथा बजारीकरणका लागि हाटबजार सञ्चालनमा सहयोग पुऱ्याउने<br>३. कृषि उत्पादन र उत्पादनकत्व वृद्धिका लागि स्थानिय तहसँग समन्वय गरी व्यवसायिक क्षमता विकास तालिम सञ्चालन<br>४. दुग्ध, मासु, अण्डा, माछा, मह उत्पादन क्षमता अभिवृद्धि बजार प्रवर्द्धन, उपभोगका लागि सेवा उपलब्ध गराउन सकिने क्षेत्र पहिचान गर्ने |
| ५. | शहर सौन्दर्य, सुरक्षा, सडक तथा यातायात सम्बन्धी कार्यक्रम | १. स्थानिय तहले शहरीकरण, शहर सौन्दर्यता वृद्धि, सरसफाइ, सडक विस्तार, यातायातका साधन सञ्चालन सम्बन्धी बनाएको योजना नीति तथा कार्यक्रमलाई टेवा पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने<br>२. सडक सौन्दर्य सरसफाई, हरित वातावरण तयार गर्न, पार्क तथा वृक्षरोपण, वन वातावरण प्रवर्द्धनका लागि स्थानीय तहसँग समन्वय गरी कार्य संचालन गर्ने<br>३. फोहोर व्यवस्थापनका लागि कार्यक्रम संचालन |

| | | |
|---|---|---|
| | | गर्ने<br>४. सामाजिक नक्शा तयार गरी सम्बन्धित स्थानमा राख्ने |
| ६. | नियमित बजार अनुगमन, र नगरपालिकाका सरोकारित विषयमा सबालहरु पहिचान र समाधानका समन्वय | १. बजारमा सटर, घर, डिपार्टमेन्टल स्टोरमा राखी बेचिने खाद्यवस्तु, खुल्ला रुपमा बेचिने खाद्यवस्तुको नियमित अनुगमन गर्ने,<br>२. खाद्य तथा उपभोग्य वस्तुको गुणस्तरीयता, सरक्षाका लागि सदस्यसँग सम्बन्ध समन्वय गरी सुरक्षित, गुणस्तरीय खाद्य उपभोगको लागि सुनिश्चिततका कार्यहरु गर्न सहयोग पुऱ्याउने ।<br>३. नागरिकका दैनिक जीवनसँग सम्बन्धित विषयहरु, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, शान्ति सुव्यवस्था, आर्थिक तथा वित्तिय क्षेत्रसँग सम्बन्धित विषयमा सुनिश्चितताका लागि पैरवी गर्ने । |
| ७. | संघको प्रवर्द्धनात्मक कार्यक्रम | १. स्थानीय लोक संस्कृतिमा आधारित साँस्कृतिक प्रवर्द्धनका लागि मेला महोत्सव संचालन गर्ने<br>२. उद्योग, औद्योगिक, उत्पादन, कृषि तथा कृषिजन्य उत्पादन पर्यटन प्रवर्द्धन, खेलकुद विकासका लागि व्यापार मेला संचालन गर्ने<br>३. धार्मिक तथा साँस्कृतिक क्षेत्रमा विशेष पर्वमा गरिने मेला तथा उत्सवमा प्रवर्द्धनात्मक कार्यक्रममा सहयोग पुऱ्याउने<br>४. कालीगण्डकी जलविहार तथा ऱ्याफ्टिङ्ग सन्चालनका लागि प्रवर्द्धनात्मक कार्यहरुमा सहयोग पुऱ्याउने |
| ८. | सम्बन्ध विस्तार र सन्जाल निर्माण | १. संघको कार्य क्षेत्रसँग जोडिएका पालिकासँग सम्बन्ध राख्ने<br>२. जिल्ला, प्रदेश र संघ स्तरमा यस संघको उद्देश्यसँग मेल खाने संघ, संस्था, निकायसँग सम्पर्क गरी सम्बन्ध विस्तार गर्ने<br>३. उद्योग वाणिज्य महासंघको सदस्यताको प्राप्त गर्ने |

| | | |
|---|---|---|
| | | ४. सदस्य, सदस्यबीच सुमधुर सम्बन्ध र सद्भावयुक्त सदयोगात्मक वातावरण सिर्जना गर्ने नियमित भेटघाट, वनभोज आदि कार्यक्रमहरु सन्चालन गर्ने |
| ९. | मनवश्रोत विकास | १. संघमा आवद्ध सदस्यहरु, कार्यसमिति, उप-समितिहरुको विषयगत क्षमता विश्लेषण गरी विषय विज्ञता समूह निर्माण गर्ने<br>२. क्षमता विकासका लागि तालिमहरु सन्चालन गर्ने<br>३. श्रोत व्यक्तिहरु तयार गर्ने<br>४. कर्मचारीको क्षमता विकासका लागि तालिम<br>५. श्रोत संस्थाको रुपमा विकास गर्ने संस्थाभित्र र संस्थाबाहिर व्यवसायिक श्रोतव्यक्तिहरुको परिचालन गर्ने<br>६. कार्य समिति, उप-समितिको कार्य सञ्चालन मूल्याङ्कन गर्ने |
| १० | आर्थिक विकास र संस्थागत कोष प्रवर्द्धन | १. सदस्यता विस्तार<br>२. नियमित नविकरण<br>३. साझेदारी कार्यक्रम संचालन<br>४. आजीवन, विशिष्ट आजीवन सदस्यता विस्तार<br>५. मेला तथा महोत्सव संचालन<br>६. दक्ष मानवीय श्रोत परिचालन |